म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२४ शुक्रबार २२ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 7 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७५ जना जेष्ठ नागरिकलाई सम्मान

हेटौंडा, २१ असार/हेटौंडा उपमहानगरपालिका वडा नम्बर १६ ले जेष्ठ नागरिकलाई विहिबार एक कार्यमकाबीच सम्मान गरेको छ । जेष्ठ नागरिक मञ्च हेटौंडा-१६ का अध्यक्ष देवनारायण ढकालको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवं बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा १६ नम्बर वडाका ५ टोल विकास संस्थाका ७५ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको हो । जेष्ठ नागरिकलाई सम्मान गर्दै प्रमुख अतिथि बानियाँले बृद्धबृद्धाको उचित स्याहारसुसार र हेरबिचार गर्नु राज्यको दायित्व हुन आउने बताउँदै यसतर्फ वडाले ध्यान दिएकोमा खुशी व्यक्त गरे । नेता बानियाँले परिवारका सदस्यका साथसाथै टोल, समाज र राज्यका निकाय स्थानीय सरकारलेसमेत यसतर्फ ध्यान दिई आफ्नो वडामा रहेका जेष्ठ नागरिकको उचित हेर विचार गर्नुपर्नेमा जोड दिए । हेटौंडा उपमहानगरपालिका-१६ मा रहेका ५ वडाका ७५ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको र बाँकी १० टोल विकासका जेष्ठ नागरिकलाई साउनको पहिलो साता सम्मान गरिने हेटौंडा-१६ का वडाअध्यक्ष रामकृष्ण कोइरालाले जानकारी दिए ।

# बागमतीको बजेट बहुमतले पारित

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको बजेट बहुमतले पारित भएको छ । बिहीबार बसेको प्रदेशसभा बैठकले आगामी आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयक र आर्थिक विधेयक बहुमतले पास गरेसँगै बजेट पारित भएको हो ।

१ असारमा सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले ६२ अर्ब बढीको बजेट प्रस्तुत गरेका थिए । बजेटको छलफल १२ असारदेखि सुरु गरिए पनि प्रतिपक्षी दलको विरोधका कारण १८ असारबाट मात्रै छलफल भएको थियो । प्रदेशसभामा ५३ जना सांसदले बजेटमाथि धारणा राखेका थिए । सांसदहरुको प्रश्नमा २० र २१ असारमा मुख्यमन्त्री शालिकराम जम्कट्टेल र मन्त्रीहरुले जवाफ दिएपछि बिहीवारको दोस्रो बैठकले बजेट पारित गरेको हो ।

प्रदेश सरकारले १ असारमा आगामी आर्थिक वर्षको लागि कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । जसमध्ये चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ ५० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा ७ अर्ब रुपैयाँ घटाएर बजेट सार्वजनिक गरेको थियो ।

बैठकमा प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि सार्वजनिक गरेको बजेट माथि सांसदहरुले उठाएका प्रश्नको खानेपानी, उर्जा तथा यातायातमन्त्री लक्ष्मण लम्साल, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठ, आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामा र मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विनियोजित विधेयकमाथि उठेको प्रश्नको जवाफ दिएका थिए ।

यसअघि बुधबार बसेको प्रदेशसभाका ६ जना मन्त्रीले मन्त्रालयगत प्रश्नको जवाफ दिएका थिए । जसमा भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, वन तथा वातावरणमन्त्री मसिना खड्का, स्वास्थ्य मन्त्री उत्तम जोशी, पर्यटन उद्योग तथा सहकारी मन्त्री पुकार महर्जन, श्रम, रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, कृषि तथा पशुपंक्षी विकासमन्त्री राजेन्द्रमान श्रेष्ठ रहेका छन् ।

मुख्यन्त्री जम्मकट्टेलले बजेट पेचिलो अवस्थाबाट निर्माण गर्नुपर्ने बाध्यता भएको बताए । उनले प्रदेश सरकारको अघिल्लो कार्यकालको आर्थिक वर्ष २०७५/७६ देखि बजेटको शिलिङ अपेक्षा गरेभन्दा पनि राम्रोसँग बढाउन सफल भएको भन्दै यसपटक वृद्धि गर्न नसकेर चालु वर्षको शिलिङमा पनि रहन सक्ने अवस्था नरहेको र ८ अर्ब भन्दा माथिको बजेट शिलिङ घट्दाखेरी बजेट बनाउँन कठिन भएको बताए ।

जम्मकट्टेलले प्रतिपक्षमा रहने दलहरुसँग छलफल गरेर बजेट ल्याएको भएपनि प्रतिपक्षको अपेक्षा र सरकारको हैसियत नमिलेका कारण बजेटमा समेट्न नसेको भन्दै पछि बजेट प्रस्तु भईसकेपछि बजेटलाई समावेशी बनाउने कुरा गर्दा उचित हुन्छ भन्ने भईसकेपछि समझदारी बनाएका छौं र त्यो समझदारी पूर्णरुपमा कार्यान्वयन हुने र त्यसको सुरुवात भईसक्केको बताए । मन्त्रिपरिषद्को निर्णयले नै नीतिगत निर्णय गरेर प्रक्रियामा लगिसकेको हुँदा बजेटमा आशंका नगर्न उनको सुभाव थियो ।

प्रदेशसभालाई संरचनागत रुपमा सुदृढ गर्नुपर्ने मुख्यमन्त्री जम्कट्टेलले बताए । प्रदेश लोकसेवा आयोग पहिल्यै स्थापना गरेको र अहिले प्रदेश निजामती सेवा ऐन पास गरेर त्यो नियमावली बन्ने अन्तिम चरणमा रहेको बताउँदै जम्मकट्टेलले बुधवारको मन्त्रिपरिषद्को बैठकले सोही ऐन अन्तर्गत प्रदेशमा समायोजन भएर आएका कर्मचारीलाई ११ औं तहमा पदोन्नती गरेको बताए । जम्मकट्टेलले प्रदेश लोकसेवा आयोगले राम्रो ढंगले काम गरिरहेका बताउँदै अझै स्थानीय तहदेखि प्रदेश सरकार का सबै कर्मचारीहरु पुर्ति गर्न ऐन आईसकेको बताए ।

मुख्यमन्याधिवक्ताको कार्यालयमा धेरैवटा मुद्धाको चाप रहेको भन्दे त्यसलाई स्रोतसाधन सबै हिसाबले सम्पन्न बनाएर लान आवश्यक रहेको बताए । मुख्यमन्त्री जम्मकट्टेलले प्रदेश नीति तथा योजना आयोगले नीतिगतरुपमा सहयोग गर्ने हुँदा त्यसलाई प्रदेश योजना बैंक सुरु हुने बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सरकार नेतृत्वको कार्यालय हुनाले समन्वय गर्ने कुरा अरु मन्त्रालयलाई समन्वय गर्ने कुरा व्यवस्थित ढंगले अगाडि बढ्ने कुरा सोचेको भन्दै सापेक्षतामा बजेटले लय पक्डिन खोजेको र विगत ५ वर्षको भन्दा अहिलेको बजेट सबै हिसावले अगाडि बढेको दावी गरे ।

सरकारले ल्याएको बजेटको गत असार १८ गतेदेखि छलफल सुरु भएको थियो । सरकारको बजेट पारित भएसँगै प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ ।


## Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch** ) लागि प**्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

ZENITH


## हेटौंडा अस्पताललाई ८९ प्रतिशत अंक

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ न्यूनतम सेवा मापदण्ड मापनका आधारमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित हेटौंडा अस्पतालले ८९ प्रतिशत अंक ल्याएको हो ।

स्वास्थ्य निर्देशनालय हेटौंडाले गरेको मापदण्ड अनुसार अस्पतालले चालू आव ०७९/८० मा ८९ प्रतिशत अंक ल्याएको हो । अस्पतालले गत आवमा ८० प्रतिशत अंक ल्याएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा. किशोर बन्जाडे नेतृत्वको पर्यवेक्षक टोलीले गरेको मापनअनुसार अस्पतालले प्रशासन र व्यवस्थापन तर्फ ९२ प्रतिशत, क्लिनिकल व्यवस्थापनमा ९० प्रतिशत, अस्पताल सहयोग सेवातर्फ ८३ प्रतिशत अंक ल्याउँदै समग्रमा ८९ प्रतिशत ल्याएको छ ।

अस्पतालले फोहोर व्यवस्थापन, सुरक्षा, स्टोर, क्यान्टिन, फार्मेसी सेवा र थेरापी सेवा सुधार गर्नुपर्ने सूचकले देखाएको जनाइएको छ ।

स्वास्थ्य निर्देशनालय हेटौंडाका प्रमुख महेश्वर श्रेष्ठको प्रमुख आतिथ्यता अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईको सभाध्यक्षतामा भएको कार्यक्रममा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटा र निर्देशनालयका फार्मेसी अधिकृत प्रकाश दुलालले प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा अस्पतालका डा. हरि खड्का, पत्रकार प्रताप विष्टलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्वास्थ्य निर्देशनालयका विभिन्न शाखाका प्रतिनिधि, हेटौंडा अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि, अस्पतालका स्वास्थ्यकर्मी, संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

## हेटौंडाबाट १६ लाख बराबरको सुनसहित साह पक्राउ

साझाकुरा संवाददाता


हेटौंडा, २१ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले करिब १६ लाख मूल्य बराबरको अवैध सुन बरामद गरेको छ । प्रहरीचौकी रातोमाटे मकवानपुरबाट प्रहरी बरिष्ठ नायबनिरीक्षक मन्जुकुमारी रानाको कमाण्डमा खटिएको चेकिङ टोलीले बिहिबार बिहान ४ बजेको समयमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेस्थित सडक खण्डमा सवारी साधन रोकी चेकजाँच गर्ने क्रममा १ सय ७५ ग्राम ०३ मिलिग्राम सुन बरामद भएको मकवानपुरका प्रहरी नायबउपरीक्षक एबम् प्रबक्ता टेकबहादुर कार्कीले बताए ।

प्रबक्ता कार्कीका अनुसार सुन सहित १ जनालाई नियन्त्रणमा लिइएको हो । काठमाडौंबाट बीरगंजतर्फ आउँदै गरेको बागमती प्रदेश ३९००१ ख १८०३ नं को यात्रुवाहक बसलाई रोकी चेकजाँच गर्ने क्रममा जिल्ला बारा जीतपुर सिमरा उपमहानगरपालिका वडा नं ७ बस्ने वर्ष ३३ को सन्तोष साह सोनारले अबैध भन्सार छली चोरी पैठारी गरी लुकाई छिपाई ल्याएको अवस्थामा सुनको ब्रास्लेट तीन थान र ससानो टुक्रा तीन थान गरी १ सय ७५ ग्राम ०३ मिलिग्राम फेला परेको प्रबकता कार्कीले बताए ।

सुनको अन्दाजी बजार मूल्य १६ लाख ६८ हजार ६ सय ६६ रुपैयाँ रहेको कार्कीले बताए । सोनारलाई सुन सहित नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि राजश्वव अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रवक्ता कार्कीले बताए ।


## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिंदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

Solidarity International Academy, Hetauda-10, Makwanpur Estd. 2049 (1993)

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)



## 2-DAY FREE MEDICAL CAMP

(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते

स्थान: हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स

समय: बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

नि:शुल्क स्वास्थ्य परिक्षण सेवाहरु:

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:

KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

साझाकुरा

## हाम्रो कुरा

# सेटिङमा ट्रायल परीक्षा

सवारीचालक अनुमतिपत्र (लाइसेन्स)को ट्रायल आफ्नै सवारी लगेर दिन मिल्छ । तर, सबै प्रदेश सरकार र त्यस मातहतका कार्यालयले यो व्यवस्था लागु गरेका छैनन् । धेरै सवारी लाइसेन्सको लिखित र प्रयोगात्मक हुने बागमती प्रदेशमा भने आफ्नै सवारीसाधनबाट ट्रायल दिन पाईदैन । जसकारण परीक्षार्थीहरु सरकारीले व्यवस्था गरेको सवारीसाधनबाट ट्रायल दिंदा धेरै फेल हुने भएको र अनाहकमा दु:ख व्यहोर्नु परेको गुनासो छ । हेटौंडास्थित यातायात व्यवस्था सेवा कार्यालयले निजी सवारीसाधनबाट ट्रायल दिन रोक लगाएको छ । तर, सरकारले नै व्यवस्थापन गरेको मोटरसाइकल र कारलगायतका साधनको प्राविधिक समस्या रहेकोले फेल हुने दर बढिरहेको छ । लाइसेन्स परीक्षा सञ्चालनसम्बन्धीको जिम्मेवारी अहिले पूर्णरुपमा प्रदेश मन्त्रालयअन्तर्गत छ । प्रदेशले गरेको व्यवस्थाअनुरुप सम्बन्धित यातायात कार्यालयले लाइसेन्सका लागि लिखित र प्रयोगात्मक (ट्रायल) परीक्षा सञ्चालन गर्छन् ।

यातायात व्यवस्था विभागले 'सवारीचालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७' मा कस्तो सवारी प्रयोग गर्न सकिन्छ ? कसरी पास हुन्छ ? भन्नेबारे व्यवस्था गरेको छ । निर्देशिका अनुसार लिखित परीक्षा र प्रयोगात्मक परीक्षा पास गरेपछि मात्रै लाइसेन्स पाउँन सकिन्छ । लिखित परीक्षामा पास हुन १०० पूर्णांकमा ६० अंक ल्याउनुपर्छ । यस्तै, ट्रायल परीक्षामा पनि सवारी घुमाउने, ट्राफिक बत्ती, उकालो, ओरालाको नम्बर तोकेर १०० पूर्णांकको बनाइएको छ । ट्रायलमा पास हुन कुनै एकचरणमै फेल नभएको अवस्थाबाहेक ७० अंक कटाए मात्रै पास भइन्छ । सवारीचालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को दफा १४ को उपदफा २ मा 'परीक्षा स्थलमा कार्यालयले व्यवस्था गरेको सवारीसाधन उपदफा (३) वा (४) अनुसारको हुनु पर्नेछ,' भनेर लेखिएको छ । उपदफा (३) मा 'क' वर्गको ट्रायल दिन प्रयोग गर्न सकिने मोटर साइकल, स्कुटर वा मोपेडको मापदण्ड तोकिएको छ । पेट्रोलबाट चल्ने, इन्जिनको विस्थापन आयतन कम्तिमा ९५ सीसी भएको, ह्विल बेस कम्तीमा १,२०० मीमी भएको, मोटरसाइकलको हकमा म्यानुअल ट्रान्समिसन प्रणाली भएको, सवारी हिल होल्ड, हिल असिस्ट वा समान प्रकृतिको प्रणाली जडान नभएको, सवारी दर्ता प्रमाणपत्र अध्यावधिक भएको र बहालअवधि बाँकी रहेको तेस्रोपक्ष बीमा भएको हुनुपर्छ । यी सबै मापदण्ड पूरा भएको निजी मोटरसाइकल, स्कुटर वा मोपेड लगेर कुनै पनि व्यक्तिले ट्रायल दिन पाउनेपर्ने हो । तर, निर्देशिकामा कार्यालयले व्यवस्था गरेको सवारी साधन भनेर लेखिएको छ । त्यसैले पनि यातायात कार्यालयले नीति निर्देशिका भन्दा थप आफूखुसी यसको व्यवस्था गर्न सक्ने देखिन्छ । उल्लेखित मापदण्ड भएका सवारीसाधनलाई प्राविधिकले चेकजाँच गरेर स्वीकृत गरेपछि मात्रै ट्रायल दिनका लागि परीक्षार्थीलाई दिइनुपर्ने व्यवस्था निर्देशिकामा छ । निर्देशिकाको दफा १५ मा ट्रायल दिने सवारी निरीक्षण गरी स्वीकृति दिने व्यवस्था छ । सवारीको इन्धन आपुर्ति, ब्रेक, ट्रान्समिनस प्रणाली, झ्याल, सिसा, ढोका लक, ऐना तथा बत्ती, टायर, रियरभ्यू नभएको (वा परीक्षा अवधिभर डिस्प्ले स्क्रिन नदेखिने गर्नुपर्ने) चेकजाँच गरी ट्रायल दिन स्वीकृत गर्ने व्यवस्था गरेको छ । मापदण्ड एकातिर छ तर, सेटिङमा थोत्रा र कवाडी भइसकेका सवारी साधनबाट ट्रायल दिन बाध्य बनाइन्छ ।

आफूसँग नयाँ सवारी साधन छ भने पनि आफ्नै सवारी साधनमा ट्रायल दिन पाइदैन । ट्रायल सेन्टरहरुमा राखिएका थोत्रा सवारीबाट आउने कमिसनको चक्करले गर्दा मापदण्ड एकातिर ब्यवहार अर्कैतिर भइरहेको छ । आफ्नो नयाँ सवारी साधनबाट ट्रायल दिन पाइदैन भनेपछि त्यही थोत्रा साधनलाई भनेजति रकम तिरेर ट्रायल दिन बाध्य पारिन्छ । मापदण्ड केवल कागजमा सीमित भएको छ । कतिपय ड्राइभिङ प्रशिक्षण सेन्टरहरु पनि मापदण्ड अनुरुप चलेका छैनन् र तिनै मापदण्ड नपुगेका सेन्टरमा सिकेर राजमार्गमा सवारी चलाउँदा दुर्घटनाको शिकार हुनु परेको छ । राजमार्गमा हुने दुर्घटनासँग जोडिने गंभिर बिषयमा सम्बन्धित निकाय किन मौन बसिरहेको छ ? यो बिषयमा बहस किन नगर्ने ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २३ गते शनिबार ८ जुलाई २०२३ । पञ्चमी, श्रावण कृष्णपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **तुला** | : मनमा छट्पटि बढ्नेछ |
| **वृष** | : पवित्र कर्ममा मन जानेछ | **वृश्चिक** | : शत्रु पराजय हुनेछ |
| **मिथुन** | : घरेलु समस्याले सताउने देखिन्छ | **धनु** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **कर्कट** | : महत्वपूर्ण भेटघाट हुनेछ | **मकर** | : नातागोतासँग भेटघाट हुनेछ |
| **सिंह** | : उपहार हात लाग्नसक्नेछ | **कुम्भ** | : रोकिएको कामहरु बन्नेछ |
| **कन्या** | : मानसिक तनाव बढ्नेछ | **मीन** | : आनन्दको महसुस हुनेछ |

# छोराको लोभमा थलिएको सामुदायिक विद्यालय



राम गुरुङ

२० वर्षअघि ७३ प्रतिशत रहेको विद्यालय भर्नादर २०६९ सालमा ९९ प्रतिशतसम्म पुगे पनि, अहिले यो ८५ प्रतिशतमा झरेको छ । घट्दो भर्नादरले सामुदायिक विद्यालयको संख्या र अस्तित्व दुवै संकटग्रस्त छन् । गाउँका धेरै सामुदायिक विद्यालय गाभिएका छन् । विद्यालय समायोजनले राज्यको आर्थिक दायित्व घटे पनि, खस्कँदो विद्यालय भर्नादर सुनि देखिन्न । बरु यसले बीचमा विद्यालय छोड्ने विद्यार्थी बढाउने देखिन्छ भने विद्यार्थी र अभिभावकमा पारेको सामाजिक र आर्थिक असर बारे पर्याप्त अध्ययन भएको छैन । जनसंख्या घटेकाले भर्नादर घटेको यथार्थ भए पनि यसका मूल कारण लैंगिक विभेदसँग जोडिएकाले विद्यालय भर्नाको शृंखला बिग्रिएको छ ।

**दृष्टान्त-१**

समिन रिसर्च इन्स्टिच्युट (एसआर आई), काठमाडौंले गत वर्ष संखुवासभा, धादिङ र लमजुङका ६ सामुदायिक विद्यालयमा गरेको अध्ययनले दीर्घकालीन महत्वका केही तथ्य भेट्टाएको छ । सर्वेक्षणमा सहभागी ३६० जनामध्ये ६७ प्रतिशत अभिभावकका अन्तिम सन्तान छोरा थिए । तीमध्ये २६ प्रतिशत आमाबाबुका छोरा गाउँकै निजी र छोरी सामुदायिक विद्यालयमा पढ्थे भने ३१ प्रतिशत अभिभावकका छोरा बजार /शहरमा र छोरीलाई स्थानीय सामुदायिक विद्यालय पढ्ने गरेको पाइएको थियो । बाँकी ३३ प्रतिशत अभिभावकले पनि आर्थिक अवस्थाले साथ दिए आफ्ना छोरालाई निजी विद्यालय पढाउन चाहेको उल्लेख गरेका थिए ।

**दृष्टान्त-२**

राष्ट्रिय तथ्यांक कार्यालय, २०८० को तथ्यांक अनुसार ५५ प्रतिशत बच्चा नजन्मँदै मर्छन् । तथ्यांकमा उल्लेख नभए पनि एसआर आई, काठमाडौंको अध्ययनमा बढ्दो गर्भपतन यसको मुख्य कारण देखिएको छ ।

नजन्मँदै मर्ने बच्चामध्ये पुरुष धेरै भए पनि, लिङ्ग छुट्टिएपछि गर्भपतनकै कारण नजन्मने महिलाको संख्या ५९ प्रतिशत थियो । पारिवारिक, खासगरी पतिको दबाबले गर्भपतन गर्ने आमाको संख्या ७३ प्रतिशत छ । दम्पतीको आपसी समझदारीमा ४ पटकसम्म गर्भपतन गराउने जम्मा २४ प्रतिशत मात्रै थिए ।

**दृष्टान्त-३**

अध्ययनमा समावेश भएका पालिकामध्ये 'कथा' नगरपालिका (परिवर्तित नाम) मा विगत १० वर्षमा १४ हजार ३५१ शिशुको मृत्यु भयो । एसआरआई, काठमाडौंको अध्ययनमा, गर्भपतन बाहेक असुरक्षित गर्भधारण र प्रसवले पनि नजन्मँदै बच्चाको मृत्यु भएको देखिन्छ ।

आमाको कमजोर स्वास्थ्यका कारण मृत्यु हुने बच्चाको संख्या १६ प्रतिशत, प्रसव–स्वास्थ्य सुविधा नपाएर मर्ने १३ प्रतिशत, कारण नखुलेकाको संख्या ५ प्रतिशत, आकस्मिक मरेका बच्चा ७ प्रतिशत थिए ।

**बच्चाको जन्मदर र विद्यार्थी भर्ना**

झट्ट हेर्दा, जन्मदरको लैंगिक विभेद र विद्यालय भर्नादर कसरी जोडिन्छ ? भन्ने लाग्छ । स्वाभाविक लाग्ने प्रश्नको लैंगिक आयाम भने सोचे जस्तो सरल छैन । सामुदायिक विद्यालयमा निरन्तर घट्दो भर्नादर छोरा र छोरीको शिक्षामा गरिने विभेदसँग जोडिएको छ । अर्को शब्दमा, सन्तान जन्माउँदा हुने विभेदपूर्ण निर्णय, यसको प्रमुख कारण हो ।

वि.सं. २०५० सम्म ४० प्रतिशतको जन्मदर अहिले १८ प्रतिशत छ । लैंगिक दृष्टिमा, गएको ३० वर्षमा २६ प्रतिशत छोरीहरू जन्मिंदा २७ प्रतिशत छोराहरू जन्मिए । यसले बच्चाको जन्मदर घटे पनि, पुत्रमोह भने बढेको देखाउँछ ।

छोरीलाई विद्यालय पठाउनुपर्छ भन्नेमा अभिभावक सचेत देखिए पनि, माथिल्ला कक्षाको भर्नादर लैंगिक विभेदले प्रभावित भएको देखिन्छ । अध्ययनमा सहभागी ३४ प्रतिशत अभिभावकले विविध कारण देखाई माथिल्ला तहमा छोरीलाई भर्ना नगरेको बताएका थिए । पालिका अनुसार तथ्यांक फरक परे पनि, औसत माथिल्लो कक्षामा भर्ना हुने महिलाको संख्या ३६ प्रतिशतसम्म घटेको छ ।

३० वर्षअघि ६२ प्रतिशत रहेको प्राथमिक विद्यालय भर्नादर, अहिले ९८ प्रतिशत पुगे पनि माध्यमिक तहमा भने यो ८४ प्रतिशतमा खुम्चिएको छ । तीन दशकदेखि निरन्तर बढिर हेको महिलाको विद्यालय भर्नादर माथिल्लो कक्षामा पुरुषको तुलनामा घट्दै गएको देखिन्छ । एसआर आई, काठमाडौंको स्थलगत अध्ययनमा प्राथमिक तह पूरा गरेका ८८ प्रतिशत पुरुष माध्यमिक तहमा भर्ना हुँदा, ७७ प्रतिशत महिला मात्रै सोही तहमा भर्ना भएका थिए ।

**लैंगिक विभेदको जरा**

नजन्मँदै गर्भपतनका कारण मृत्यु हुने छोरीको संख्या बढी हुनु, विद्यालयका माथिल्ला कक्षामा पढ्ने महिलाको संख्या कम हुनु, र समग्रमा बच्चाको जन्मदर घट्नु लैंगिक विभेदका जरा हुन् । जन्मदर धेरै भए पनि, विद्यालयको पढाइ निरन्तर गर्ने महिलाहरू पुरुषभन्दा कम छन् । विद्यमान सामाजिक परिवेश, पारिवारिक अवधारणा, र अभिभावकको बुझाइ घट्दो महिलाको भर्नादरका चुनौती हुन् ।

सर्वेक्षणमा सहभागी १० मध्ये ७ दम्पतीले छोरा पाउन ४ पटकसम्म छोराछोरी छुट्टिएपछि गर्भपतन गरेका थिए । यसरी पटक–पटक हुने गर्भपतनले स्वाभाविक हिसाबले विद्यालय जाने उमेरका बालबालिकाको संख्या घटाएको छ ।

सुरक्षित प्रजननबारे पर्याप्त जानकारी नभए पनि, सर्वेक्षणमा सहभागी ९२ प्रतिशत आमाबाबुले लिङ्ग छुट्टिएपछि गरिने गर्भपतन दण्डनीय हो भन्ने सुने/बुझेका थिए । प्रजनन् अधिकार सम्बन्धी विद्यमान कानुनी व्यवस्थाका बावजुद गर्भपतन गराउनेमा ५८ प्रतिशत अभिभावक शिक्षित थिए । यसले विद्यमान कानुन, शिक्षा, सामाजिक परिवेश र सांस्कृतिक अभ्यास, बच्चाको जन्मदर र विद्यालय भर्ना सम्बन्धी चेतना अमिल्दा रहेको देखाउँछ ।

छोरालाई निजी र छोरीलाई सामुदायिक विद्यालय पढाउने शिक्षित भनिएका अभिभावक (स्थलगत अध्ययनमा आधारित तथ्यांक) २६ प्रतिशत थिए । छोरा सरह छोरीको शिक्षालाई प्राथमिकता दिने शिक्षित अभिभावकको संख्या भने ७ प्रतिशत मात्र थियो । यसरी हेर्दा, पढेलेखेका आमाबाबुको प्राथमिकतामा सामुदायिक विद्यालय नपर्नाले महिलाको विद्यालय भर्नादर धेरै भए पनि, सामुदायिक विद्यालय पढ्ने पुरुष घटिरहेका छन् ।

सामुदायिक विद्यालयका माथिल्लो कक्षामा पढ्ने पुरुषको संख्या पनि नघटेका हेइनन् । तर यो संख्या महिलाको भन्दा ज्यादै कम छ । स्थलगत अध्ययनमा, विद्यालय अनुसार फरक परे पनि, औसत १० मध्ये २ जना पुरुषले बीचमा विद्यालय छोड्दा, महिलाको संख्या भने ४ जनासम्म रहेका छन् ।

माथिल्लो तहमा महिला विद्यार्थी घट्नुमा भौगोलिक विकटताका कारण आमाबाबुले छोरीलाई गाउँ बाहिर पढ्न पठाउन नचाहनु मुख्य कारण हो । तर यथार्थ भने दुर्गम भूगोलका कारण ३९ प्रतिशत विद्यार्थीलाई माथिल्लो तह पढ्न गाउँ छाड्नैपर्ने बाध्यता छ । धेरै अभिभावकले छोरीको चरित्र जोगाउन पढ्नका लागि गाउँ बाहिर नपठाएको बताउँछन् ।

**समाधान**

बच्चा जन्माउँदा, छोराछोरीका लागि विद्यालय छनोट गर्दा, र विद्यालयको पहुँचमा हुने लैंगिक विभेद घट्दो सामुदायिक विद्यालय भर्नादर का मुख्य चुनौती हुन् । समाजको बनोट, सांस्कृतिक अभ्यास र आर्थिक चालचलनले उल्लेखित लैंगिक विभेदलाई संस्थागत गरेको देखिन्छ ।

पुरुषप्रधान रोजगार प्रणाली, पुरुष नियन्त्रित घरेलु तथा राष्ट्रिय अर्थतन्त्र र राजनीति, पुरुष निर्देशित सामाजिक प्रणली र अभ्यासले उल्लेखित सामाजिक परिवेशलाई मलजल गरिरहेको छ । यस अर्थमा यसका केही तत्कालीन समाधान भए पनि, दिगो सुधार आवश्यक रहेको देखिन्छ ।

**तत्कालीन समाधान**

छोरीहरूलाई विद्यालयमा टिकाइराख्न गाउँ बाहिरका विद्यालयसम्म उनीहरूको पहुँच बनाउनुपर्ने देखिन्छ । तत्कालका लागि स्थानीय पालिकाहरूले पायक पर्ने विद्यालय र स्थान, विद्यार्थीको संख्या, आवश्यक पूर्वाधार निर्माणको सम्भावना आदि विश्लेषण गरी नि:शुल्क छात्रावास सञ्चालनमा ल्याउन सक्छ ।

महिलाहरूका लागि विद्यालयको भौगोलिक विकटता, परिवारको आर्थिक अवस्था, विद्यालयमा उपलब्ध भौतिक पूर्वाधार र स्थानीय पालिकामा भएका सामुदायिक विद्यालयको संख्यालाई आधार बनाई छात्रावासको आवश्यकता, औचित्य र उपयोगिताको वर्गीकरण गर्नुपर्ने देखिन्छ ।

विभिन्न तहमा भर्ना हुने र भर्ना भएका महिला विद्यार्थीको विद्यालय शिक्षालाई निरन्तर गराउन अनिवार्य आर्थिक वृत्तिलाई राष्ट्रिय शिक्षा नीतिको आधारभूत शर्त बनाइनुपर्छ । आर्थिक वृत्ति दिंदा भौगोलिक विकटता बाहेक अन्य कुरालाई गौण बनाउन सकिए अभिभावकका लागि सामाजिक उत्प्रेरणा बन्न सक्छ । तथापि विस्तृत र गहन अध्ययन विना यसका प्रभावकारी आधार तय गर्न सकिन्न । विद्यालय भर्नासँग जोडिएका लैंगिकताका सामाजिक सूचकको पहिचान र विश्लेषण गर्नु आवश्यक छ ।

नि:शुल्क यातायातको व्यवस्था तत्कालका लागि अर्को विकल्प हुनसक्छ । स्थानीय भौगोलिक परिवेश, यातायात पूर्वाधार तथा पहुँचको विद्यमान अवस्था र विद्यालयको आर्थिक तथा प्रशासनिक क्षमता आदिलाई विश्लेषण गरी महिला विद्यार्थी लक्षित यातायात व्यवस्थापन गर्न सकिए बीचमा विद्यालय छोड्ने विद्यार्थीको संख्या कम गर्न सकिन्छ । तथापि यो स्थानीय पालिका वा राज्यको प्रयासले मात्र सम्भव छैन । स्थानीय अभिभावकको सक्रिय सहभागितालाई अनिवार्य शर्त बनाइनुपर्छ ।

**दीर्घकालीन समाधान**

बीचैमा विद्यालय छाडेकाले भन्दा पनि, नजन्मँदै मृत्यु हुने बच्चाको बढ्दो संख्याले विद्यालय भर्ना बढी प्रभावित भएको देखिन्छ । यसमा तत्काल सुधार वा परिवर्तन सम्भव छैन । कानुनमा दण्डनीय मानिएको लिङ्ग छुट्टिएपछि गरिने गर्भपतनका सामाजिक कारण खोज्नुपर्छ । राज्य तथा स्थानीय पालिकाले 'विद्यालय–अभिभावक–विद्यार्थी'को रणनीति अख्तियार गर्नु वाञ्छनीय हुनसक्छ ।

विद्यालय पाठ्यक्रमका आर्थिक आयाम महिला विद्यार्थी लक्षित र रोजगार विशेष बनाउन सकिए विद्यालय शिक्षाको महत्व पुष्टि गर्न सजिलो हुन्छ । महिला विद्यार्थीको पारिवारिक, सामाजिक, सामुदायिक र सांस्कृतिक परिवेशको विश्लेषण एवं वर्गीकरण गरी विद्यालयको माथिल्लो तहदेखि नै उनीहरूलाई रोजगारजन्य आर्थिक गतिविधिसँग जोड्ने दीर्घकालीन नीतिगत व्यवस्था गर्नुपर्छ ।

विद्यालय तह र विद्यालय तहपछि उच्च शिक्षामा जाने महिला विद्यार्थीको उच्च शिक्षा पूर्णत: नि:शुल्क बनाइनुपर्छ । भौगोलिक विकटता, आर्थिक अवस्था, सामुदायिक पहिचान र परिस्थिति लगायत सामाजिक एवं आर्थिक विविधतालाई आधार बनाई नि:शुल्क उच्च शिक्षाको व्यवस्था गर्न सकिन्छ । स्थानीय पालिकाहरूले यसबारे वस्तुगत तथ्यांक संकलन गरी विश्लेषण र वर्गीकरणको सैद्धान्तिक आधार तयारका लागि सहजीकरण गर्न सक्छन् ।

शैक्षिक योग्यता पुगेका, सार्वजनिक सेवाका लागि कानुनी तथा नीतिगत हिसाबमा योग्य, तोकिएको उमेर हदम्याद ननाघेका सबै महिलालाई राज्यले सम्मानजनक रोजगारी सुनिश्चित गरेर पनि विद्यमान घट्दो विद्यालय भर्नादरमा देखिएको चरम लैंगिक विभेद घट्न सक्छ ।

तथापि बृहत् जागरण विना यो सम्भव छैन । भूगोलको विकटता, सामाजिक तथा सांस्कृतिक विविधता, आर्थिक असमानताका बाबजुद चेतनामूलक कार्यक्रम गर्न सकिए, यसले विद्यालय भर्नालाई दिगो असर गर्ने जन्मदरमा हुने लैङ्गिक विभेदमा सुधार ल्याउन सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# शिक्षामा बढ्दो अन्तरविरोध

प्रकाशचन्द्र लोहनी

दस जोड दुई पास गरेका केही युवाको अन्तर्वार्ता केही दिनअघि टीभीमा हेर्ने मौका मिल्यो । प्रश्न थियो, 'अब तपाईंहरू के गर्नुहुन्छ ? कहाँ पढ्नुहुन्छ ?' हाँसेर सबैजसोले दिएको उत्तर थियो, 'अब विदेश गएर पढ्ने, उतै काम गर्ने ।' आफ्ना सन्तानहरूले यो भनिरहँदा नजिकै उभिएका अभिभावकहरूका अनुहारमा खुसी पनि थियो र गर्व पनि ।

युनेस्कोको तथ्यांक अनुसार, सन् २०२२ मा नेपालबाट १,२५,५०० बंगलादेशबाट ७०,००० र भारतबाट ७,०३,६५० विद्यार्थीहरू पढ्नका लागि विदेश गए । नेपालबाट धेरै विद्यार्थी अस्ट्रेलिया गएका छन् भने भारतबाट क्यानडा । जनसंख्याको अनुपातमा हेर्ने हो भने, भारत र बंगलादेशबाट भन्दा धेरै बढी विद्यार्थीहरू नेपालबाट गएका छन् । १ अर्ब ४० करोड जनसंख्या भएको भारतबाट ७ लाख विद्यार्थी विदेश पढ्न गए तर ३ करोड जनसंख्या भएको नेपालबाट सवा एक लाख ।

स्पष्ट रूपमा के देखिन्छ भने, नेपालको हुनेखाने वर्गको मूल लक्ष्य डलर खर्च गरेरै भए पनि अस्ट्रेलिया, अमेरिका, युरोप जाने र उतै बस्ने भएको छ । उनीहरूमा नेपालको शिक्षण संस्थाप्रति विश्वास घटेर गएको छ र नेपालमा शिक्षा पाएर पनि रोजगारी पाइन्छ भन्ने आशा छैन । त्यसैले घरबार बेचेर, ऋण काढेर या अन्य जुनसुकै उपायबाट पनि देश छोड्ने मनस्थिति विकसित भएको छ र यसमा परिवर्तन गराउने शैक्षिक वातावरण नेपाल सरकारको प्राथमिकतामा छैन ।

सम्भवत: आफ्ना सन्तानको भविष्य विदेशमै देखेरै नेपालको शासक वर्गका लागि देशको उच्च शिक्षामा सुधार र रोजगारीको विस्तार प्राथमिकतामा पर्न नसकेको हो । त्यसैले भाषणमा परिवर्तनको कुरा गरे पनि व्यवहारमा शिक्षामा राजनीतीकरण बन्द गर्ने र प्राज्ञिक क्षेत्रमा गुणस्तर कायम गर्ने प्रश्न सधैं पछाडि परेको छ । यता ठूलो संख्यामा विद्यार्थीहरू विदेश पलायन भएका कारण नेपालमै कलेज तहमा पढाएर रोजगारी पाएको शिक्षित वर्गले देशमै अब पढाउन र बाँच्न पनि गाह्रो हुँदै छ । कलेजहरू बन्द हुँदै छन् र शिक्षण पेसामा रोजगारी विस्तार हुनुको सट्टा खुम्चिएर गएको छ । साथै वर्षको पचासौं करोड विदेशी मुद्रा देशबाट बाहिरिइरहेको छ । यसबारे कोही केही बोल्दैन किनभने यो हुनेखाने वर्गसँग जोडिएको छ ।

**हुनेखाने र गरिखाने**

लगानीका दृष्टिले विश्व बैंक या यस्तै अन्तर्राष्ट्रिय संस्थाहरूबाट शिक्षा क्षेत्रमा भौतिक निर्माणका योजना देखिएका छन् तर उच्च शिक्षाको स्तर उचाल्न चाहिने प्राज्ञिक स्वायत्तता र मान्यताले देशमा ठाउँ पाउन सकेको छैन । स्थिति यतिसम्म हास्यास्पद छ कि, विश्वविद्यालय जस्ता संस्थाहरूलाई जुन पार्टीको सरकार छ त्यसैको शैक्षिक बिर्ताका रूपमा प्रयोग गरिँदै आएको छ । विडम्बना, देशमा एकातिर लगानीको अभाव विकासमा अवरोध भएको भनी बारम्बार दोहोर्‍याइन्छ तर नेपालको हुनेखाने वर्गका सन्तानहरूको निजी स्कुल शिक्षामा हुने लगानीको प्रमुख फाइदा अस्ट्रेलिया, अमेरिका, युरोप लगायतलाई उपलब्ध हुँदै आएको छ । महिनाको ५०,००० सम्म शुल्क तिरेर आफ्ना सन्तान पढाउने देशका शासक र हुनेखाने वर्गले यो महँगो शिक्षा र लगानीलाई अस्ट्रेलिया, अमेरिका, युरोप जाने र त्यहीं काम गरेर कमाउने प्रतिफलको हिसाब गरेर हेरेका छन् ।

भ्रष्टाचार, आर्थिक अराजकता र विकासका नाममा हुने फटाइँ र शोषणबाट जम्मा भएको रकमको एउटा उपयोग आफ्ना सन्तानलाई विदेश पढाउन लगानीका रूपमा प्रयोग भएको छ । यो लगानीको फाइदा नेपालले पाउँदैन, विकसित राष्ट्रहरूले पाउँछन् । किनभने नेपाल छोडेका हुनेखाने वर्गका थोरै मात्र स्वदेश फर्कन्छन् । नेपालको भ्रष्टाचार, अराजकता र अर्थतन्त्रमा देखिएका विभिन्न कुत खाने परिपाटीमा आएर संघर्ष गर्नुसट्टा विदेशमै सीप प्रयोग गर्नु व्यक्तिगत जीवन यापनका दृष्टिले ठीक हुने बुझाइ विदेशमा शिक्षित युवाहरूको छ ।

विदेश जान नसक्ने वर्गका विद्यार्थीहरूका लागि सरकारी शिक्षण संस्थाहरू एक किसिमले जिम्मेवारीबाट पन्छिएका छन् । नेपालमै पढ्ने विद्यार्थीका लागि रोजगारीमूलक दृष्टिकोणबाट शैक्षिक वातावरण बनाउनु देशका शासक र हुनेखाने वर्गको प्राथमिकतामा छैन । उनीहरूका आफ्ना सन्तान अस्ट्रेलिया, अमेरिका, युरोप पुगेकै छन् । त्यहाँ शिक्षा राम्रैसँग प्राप्त भइरहेकै छ । अत: उनीहरू नेपालमा उच्च शिक्षाको स्तर सुधार्न प्रेरित नभएर जागिर पकाउनेतिर मात्र सीमित भइरहेका छन् ।

त्यसैले त्रिविको शैक्षिक क्यालेन्डर तहसनहस हुँदा पनि त्यसलाई कसरी सुधार गर्ने भन्नेतिर उनीहरूको ध्यान जाँदैन । विश्वविद्यालयका प्राध्यापक र पदाधिकारीहरूका कार्यालयमा महिनौं ताला लाग्छ तर कुलपति भइटोपलेका कुनै प्रधानमन्त्रीले पनि यस्तो अव्यवस्था कसरी हटाउने भन्नेबारे कुनै दिन एक शब्द बोलेको पाइँदैन, बरु क्याम्पसभित्रको गुण्डातन्त्रलाई संस्थागत गर्छन् । सबैजसो विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुनुपर्ने लोभले कसैलाई छोडेको छैन । कुलपतिको कुनै जिम्मेवारी छ ? व्यवहारमा छैन । त्यसैले प्रधानमन्त्री कुलपति भएका विश्वविद्यालयहरू जतिसुकै अधोगतिमा गए पनि कोही जिम्मेवार नहुने स्थिति बनेको छ ।

नेपालका शासक र हुनेखाने वर्गले आफ्ना सन्तानको विदेशी शिक्षा र रोजगारी सुरक्षित भएपछि गरिखाने वर्गको शिक्षालाई ध्यान नदिनु सामन्तवादको नयाँ रूप हो । जहानियाँ शासनकालमा शासक र तिनका भारदार (हुनेखाने वर्ग) का लागि सीमित विद्यालयहरू खोलिएका थिए । अरूका लागि नाम मात्रको शिक्षा थियो । अहिले शिक्षाको रूप फेरिएको छ तर सार उस्तैउस्तै छ ।

गरिखाने वर्गलाई बीसौं शताब्दीको उत्तरार्द्धमा विश्वव्यापी रूपमा शिक्षाको विस्तारको परिवेशमा शिक्षामा लगानी बढेको छ, तर गुणस्तरीय र रोजगारीमूलक शिक्षामा चासो छैन । देशको शिक्षा रोजगारमुखी छैनह आर्थिक विकासको आवश्यकता र चाहनाअनुकूल छैन । सामन्ती युगमा जस्तो देशमा स्थापित हुँदै गएको नवसामन्तवादी चिन्तनमा गुणस्तरीय शिक्षा र रोजगारीका लागि शासक वर्गले जनताबाट लुटेको धनले आफ्नो बन्दोबस्त गरिसकेको छ, अरूका लागि चासो छैन । शिक्षामा संरचनात्मक सुधार र परिवर्तनको चिन्तन छैन । त्यसैले उच्च शिक्षाका हाम्रा एकाइहरू बेरोजगार उत्पादक अनि हुनेखाने वर्गको राजनीतिको पछुवा, दास तथा गुण्डा संस्कृतिको सेवकका रूपमा विकसित हुँदै छन् ।

**नवसामन्तवादी शोषण**

समयसमयमा देशका योजनाहरूमा शिक्षाको गुणस्तर सुधार्ने र शिक्षालाई रोजगारीसँग जोड्ने भाषण सुनिन्छ । तर यो कार्यान्वयन हुँदैन । यसको कारण छ– हुनेखाने वर्गका लागि स्कुले शिक्षा रोजगारीको सम्भावनासँग जोड्ने आवश्यकतै हुँदैन । त्यसैले यो बुँदाले प्राथमिकता पाउँदैन । स्कुले शिक्षा सक्नेबित्तिकै नेपाल छोड्ने योजनामा रहेका सम्भ्रान्त वर्गका बच्चाहरूलाई स्कुलमा रोजगारीमूलक शिक्षा किन चाहियो ? तर देशबाहिर जान नसक्ने गरिखाने वर्गलाई स्कुलबाट निस्कँदा कुनै रोजगारीलाई उपयोग हुने ज्ञान दिन सके रोजगारीको सम्भावना र हन्थ्यो । तर यो धारणाले व्यवहारमा कहिल्यै ठाउँ पाएको छैन ।

त्यसैले विडम्बना के छ भने, एकातिर सामान्य रोजगारीका लागि लाखौं नेपाली युवा बाहिर जान बाध्य छन् तर देशभित्रै विभिन्न पेसागत कामका लागि हजारौं विदेशी मजदुर नेपालमा राम्रो ज्यालामा काम गरिरहेका छन् । यो यथार्थतालाई नेपालको शासक वर्गले नजर अन्दाज गरेको छ । त्यसैले विदेश पढ्न जान नसक्ने युवाहरू देशमा काम नपाई विदेशमा जान बाध्य छन् ।

जहानियाँ शासनको समयमा यस्तो पनि समय थियो जब २ लाखभन्दा बढी युवाहरू पहिलो विश्वयुद्धमा सरकारको निर्देशनबाट बेलायतका लागि लडे र ५०,००० ले वीरगति प्राप्त गरे । लड्न जाने र उपनिवेशवादी शक्तिका लागि मर्न तयार हुने निर्णय रोजाइको थिएन । आफ्ना युवाहरूलाई लड्न पठाएका कारण त्यस बखतका शासकहरूलाई बेलायतले राम्रै आर्थिक पुरस्कार दिएको थियो । यसरी नेपाली युवाको ज्यान बेचेर जम्मा गरेको रकम नेपालबाहिर लगानी गरिन्थ्यो ।

*(साभार: ई-कान्तिपुर)*

# बकैयामा बालश्रम अन्त्यका लागि कार्ययोजना निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बकैया गाउँपालिकालाई बालश्रममुक्त बनाउने उद्धेश्यले पालिकाको अध्यक्ष, उपाध्यक्ष, बडा अध्यक्षहरु, कार्यपालिका सदस्य र बालमैत्री सहजकर्ता र बालक्लबको प्रतिनिधिसँग बालश्रम निबारणको लागि स्थानीय तहको भूमिका बिषयक अन्तरक्रिया भएको छ ।

बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको सभाध्यक्षता बालकल्याण समाजको अध्यक्ष एबं राष्ट्रिय बालसंरक्षण संजालको केन्द्रीय अध्यक्ष प्रकाश खतिवडाले गरेका थिए । कार्यक्रममा पालिकाको उपाध्यक्ष भक्तबहादुर खत्री र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको उपसचिव अम्बिकाप्रसाद अधिकारीको बिशेष आतिथ्यता र पालिकाका कार्यकारीप्रमुख महेश श्रेष्ठको आतिथ्यता रहेको थियो ।

बकैया गाउँपालिका र बालकल्याण समाज, मकबानपुरको संयुक्त आयोजना, स्वतन्त्रता अभियान र राष्ट्रिय बालसंरक्षण संजाल नेपालको समन्वय र सहकार्य तथा ग्लोबल मार्चको सहयोगमा संचाललित कार्यक्रममा पालिकाको कार्यकारी प्रमुख श्रेष्ठले कार्यक्रमको औचित्यबारे प्रकाश पारेका थिए । बकैया गाउँपालिकाको महिला तथा बालबालिका शाखाप्रमुख होमकुमारी संजेलले सहजिकरण गरेको कार्यक्रममा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७७ को बारेमा कार्यपत्र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको उपसचिब अधिकारीले प्रस्तुत गरेका थिए ।

बकैया गाउँपालिका अध्यक्ष लामिछानेले बालश्रम अन्त्यको लागि विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउने र बालबालिकाको विद्यालय छोडने दर घटाउदै बालबालिकालाई विद्यालयमा टिकाउने कार्य गरियो भने बालश्रममा जान रोक्न सकिने बताए । पालिकाले यसैअनुरुप कार्य गरिहेको पनि उनले बताए । दिबाखाजाले बालबालिकालाई विद्यालयमा टिकाउन सहज भएकोले अब टोलटोलमा शिक्षा समितिलाई जिम्मेबार बनाउदै गुणस्तरीय शिक्षा र बिपन्न, सीमान्तकृत बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चितको योजना रहेको बताए ।

पालिकाभित्र पर्ने प्रत्येक पहाडको टाकुरामा भएको १० वा १२ घरका बालबालिकालाई विद्यालय ल्याउन र टिकाउन गारो भएकोले बस्ती स्थानान्तरण गर्ने सोच बनाएको अध्यक्ष लामिछानेले बताए । पालिका उपाध्यक्ष खत्रीले पालिकाले अनुगमन गर्दा पालिकाभित्र बालश्रम नभेटिएको तर, पालिकाको बालबालिका अन्यत्र जिल्लामा बालश्रममा गएको बारे पालिकाको ध्यानाकर्षण भएको बताए । पालिकाले अब बालबालिकालाई बालश्रम जानबाट रोक्ने कार्य र समग्र बालसंक्षणको सबालमा कार्य गर्ने दाबी गरे ।

बालश्रममुक्त गर्नका लागि पालिकाले श्रमिक बालबालिकाको आबाजको सुनुवाई गर्दै लगानी योजना बनाउन आबश्यक रहेको समाजका अध्यक्ष खतिवडाले बताए । बालश्रम निबारण सम्बन्धी राष्ट्रिय गुरुयोजनालाई कार्यान्वयनमा ल्याई तीनै तहको सरकार र नागरिक समाजको समन्वय र सहकार्यबाट बालश्रमको अन्त्य गर्न सकिने बताए ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव अधिकारीले नेपालको मौजुदा बालबालिकाको अबस्था र बालश्रमको अबस्थाको चित्रण, दिगो विकासमा बालश्रमको लक्ष, बालश्रममुक्त समाज निर्माणको लागि नेपाल सरकारको बिद्यमान नीति, बालश्रममुक्त स्थानीय तह घोषणा किन ?, बालश्रममुक्त घोषणा कार्यबिधि २०७७ को उद्धेश्य, यस्मा भएका लक्षित समुह र सूचकको बारेमा बताउँदै बकैया गाउँपालिकाको आगामी कार्ययोजना बनाउन सहजिकरण गरे ।

बालश्रमको अन्त्य, बालबिबाहको अन्त्य, शिक्षाको अधिकारको सुनिश्चितता र बालबालिकालाई बालसंरक्षणका लागि निकै चुनौती रहेकोले प्रदेश र संघीय सरकारको समेत बिशेष योजना हुनुपर्ने बारे बडाअध्यक्षहरु राजन दंगाल, गोपालबहादुर न्यासुर, कार्यपालिका सदस्य लोकेन्द्र माझी, सामाजिक विकास शाखाप्रमुख फटिकरमण प्याकुरेल, महिला बालबालिका शाखाप्रमुख संजेल, बालमैत्री सहजकर्ता सबिन खड्कालगायतले बताए ।

श्रम कार्यालय हेटौडाका प्रमुख छन्दनारायण श्रेष्ठले बालश्रम अन्तयको लागि पालिकामा बालश्रमको अनुगमन र भेटिएको बालश्रमको ब्यबस्थापन गर्न पालिकासँग सहकार्य गरिने बताए ।

कार्यक्रममा बडा अध्यक्षहरु भुबनसिं घलान, फूलबहादुर भोम्जन, लक्ष्मी जिम्बा, टंकध्वज लोप्चन, ज्ञानेन्द्र बजगाई, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका शाखा अधिकृत प्रकाश पन्थी, पालिकाको शाखा प्रमुखहरु, बालमैत्री सहजकर्ता, बालक्लबको प्रतिनिधि गरी ३५ जनाको सहभागिता रहेको थियो ।

# असार मसान्तमा बजेट सक्ने चटारो



हेटौंडा उपमहानगरपालिका-११ नवलपुरस्थित पूर्व-पश्चिम राजमार्गमा कालोपत्रे गरिँदै । चालू आर्थिक वर्ष २०७९/८० को असार मसान्त लागेपछि सडक डिभिजन कार्यालयले कालोपत्रे गरेको हो । असार नै लागेपछि कालोपत्रे गर्नु बजेट सक्ने हतारो मात्रै भएको सरोकारवालाहरु बताउँछन् । कालोपत्रे गर्नु आवश्यकता नै भएता पनि असारको झरीमा गरिएको कालोपत्रेको प्रभावकारिता माथि प्राविधिक रुपमै प्रश्न उठ्ने गर्छ । निरन्तरको वर्षाले कालोपत्रे कमजोर भएर उप्किने गर्दछ । गतवर्षको असार मसान्तमा पनि नवलपुरकै बागथलीमा राजमार्गको एकातर्फ मात्रै कालोपत्रे गरेर छोडिएको थियो । जसकारण साना सवारी दुर्घटनाको जोखिममा थिए । सत्ता सञ्चालकहरु उत्तरदायी नबनेसम्म मनलाग्दी काम गर्ने छुट सरकारी कार्यालयहरुलाई भइरहनेमा कुनै शंका छैन् । *तस्बिर: प्रतिक्षा न्यौपाने/साझाकुरा ।*

## कांग्रेस जिल्ला सभापति बैठक

# मकवानपुरका लामाको दु:खेसो: आफ्नै जनप्रतिनिधि टाढा भए

साझाकुरा संवाददाता



हेटौंडा, २१ असार/ नेपाली कांग्रेसले जिल्ला सभापतिहरुलाई काठमाडौं बोलाएर गरिएको बैठकमा मकवानपुरका बुद्ध लामा सहभागी भएका छन् ।

२०७८ मंसिरको १४ औं महाधिवेशनपछि कांग्रेसले पहिलो पटक जिल्ला सभापतिहरुसँग बैठक गरेको हो । सदस्यता वितरण, नवीकरण र अभिलेकीकरण, विभिन्न तहमा गर्नुपर्ने सम्मेलन, पार्टी सञ्चालन र व्यवस्थापनबारे महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले जिल्ला सभापतिहरुसँग बैठक गरेका हुन् । ६५ जिल्ला सभापति र केही जिल्लाबाट प्रतिनिधि सहभागी रहेको बैठकमा काठमाडौं नआएका जिल्ला सभापतिलाई जुममार्फत सहभागी गराइएको थियो । मकवानपुरका लामा भने काठमाडौंमै उपस्थिति थिए ।

मकवानपुर सभापति लामाले बैठकमा दु:खेसो पोखेका छन् । पार्टीबाट टिकट लिई स्थानीय चुनाव जितेका जनप्रतिनिधिहरु अहिले पार्टीबाटै टाढा भएको गुनासो लामाको थियो । जनप्रतिनिधिहरु पार्टीका बैठकमा खासै उपस्थित पनि नहुने गरेको उनको दु:खेसो छ । 'पार्टी र जनप्रतिनिधिबीच समन्वय छैन भने पनि हुन्छ । यस्तो अवस्था छ, सुधारका लागि पार्टी केन्द्रले पनि ध्यान दिनुपर्ने हुन्छ ।,' उनले भनेका थिए । मकवानपुरको १० वटा स्थानीय तहमा मकवानपुरगढी, मनहरी, कैलाश, राक्सिराङ र बकैयामा कांग्रेसबाट टिकट दिई पालिकाप्रमुख जितेका जनप्रतिनिधिहरु छन् । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, भीमफेदी र बकैया गाउँपालिकामा कांग्रेसबाट उठेर उपप्रमुख तथा उपाध्यक्ष जितेका जनप्रतिनिधि छन् ।

लामा मात्र नभई अन्य जिल्लाका सभापतिहरुले पार्टीको कार्यशैली, केन्द्र र प्रदेश सरकार तथा बजेट, भ्रातृ संस्थाका तदर्थ समिति विस्तारलगायतमा समन्वय नगरेको भन्दै असन्तुष्टि जनाएका थिए । जिल्ला सभापतिहरुले मुख्य ३ विषयमा केन्द्रित रहेर धारणा राखेका थिए । पहिलो संघ र प्रदेश सरकारले ल्याएको बजेटमा, दोस्रोमा अनुशासन कारबाही तथा तेस्रोमा भ्रातृ संस्था (तरुण दल) विस्तार गर्दा जानकारीसमेत नदिएको विषयमा असन्तुष्टी धेरै सुनिएको थियो । केही जिल्ला सभापतिहरुले संगठन सुदृढीकरण गर्न देशैभरि अभियान चलाउनुपर्ने, नीति अधिवेशन गर्नुपर्ने, जनमुखी काममा पार्टीलाई जोड्नुपर्ने जस्ता विषय राखेका थिए ।

# विद्यालयलाई डस्टविन सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ निर्माण व्यवसायी संघ मकवानपुरले हेटौंडा-८ मा रहेको चन्द्रोदय माविलाई डस्टविन सहयोग गरेको छ ।

संघको सचिवालयमा बिहीबार आयोजित कार्यक्रममा संघका अध्यक्ष बालगोपाल कँडेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवाकर मैनालीलाई तीन थान डस्टविन हस्तान्तरण गरेका हुन् ।

विद्यालयमा उत्पादन हुने फोहोर व्यवस्थापन गर्न सहज होस् भनेर डस्टविन प्रदान गरिएको अध्यक्ष कँडेलले बताए । डस्टविन हस्तान्तरण कार्यक्रममा संघका प्रथम उपाध्यक्ष सागर कटुवाल, महासचिव राजेन्द्रप्रसाद चौलागाई, द्वितीय उपाध्यक्ष भवनाथ अधिकारी, सहकोषाध्यक्ष प्रकाश लामालगायतको उपस्थिति रहेको थियो ।


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


# एलओडीका सञ्चालक राजु सिंह सुवाल पक्राउ



काठमाडौं/उमेर नपुगेका व्यक्तिलाई क्लबमा प्रवेश गराएको आरोपमा काठमाडौं ठमेलस्थित नाइट क्लब एलओडी (लर्ड अफ ड्रिंक्स) का सञ्चालक राजु सिंह सुवाल पक्राउ परेका छन् ।

एलओडीमा गएकी एक १६ वर्षकी बालिका बलात्कृत भएको सार्वजनिक भएपछि जिल्ला प्रहरी परिसर ललितपुरले सञ्चालक सुवाललाई पक्राउ गरेको हो । उमेर नपुगेका व्यक्ति क्लबमा प्रवेश गराएको विषयमा अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको ललितपुरका प्रहरी प्रमुख एसएसपी सिद्धिबिक्रम शाहले जानकारी दिए ।


***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**शिक्षक आवश्यकता**

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको मिति २०८०/०३/२०, च.नं. १७२० को शिक्षक पदपूर्ति अनुमतिपत्र र यस विद्यालयको मिति २०८०/०३/२१ गतेको वि.व्य.स. बैठकको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक पदपूर्तिको लागि इच्छुक योग्य उम्मेद्वारहरुमा दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
विज्ञापन नं. : ०१/२०७९/०८०
विषय : अंग्रेजी
तह : नि.मा.वि.राहत (अस्थायी करार)
शैक्षिक योग्यता : १०+२ तह वा सो भन्दा माथिल्लो तह उतीर्ण
परीक्षा किसिम : लिखित र अन्तरवार्ता
दरखास्त दस्तुर : रु.१५००।- (अक्षरेपि एक हजार पाँच सय )
दरखास्त दिने अन्तिम मिति : २०८०/०४/०५ गते
सम्पर्क मिति : २०८०/०४/०७ गते
परीक्षा मिति : सम्पर्क मितिको दिन नै तोकिने छ ।

**आवश्यक कागजातहरु :**
- हस्तलिखित निवेदन १ प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्र प्रमाणीत प्रतिलिपी २ प्रति
- नागरिकताको प्रमाणपत्र प्रमाणीत प्रतिलीपी २ प्रति
- स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणीत प्रतिलीपी २ प्रति

**नोट :** शिक्षक सेवा आयोगको करार सूचिमा परेका उम्मेद्वारको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ दिन भित्र निवेदन पर्न आएमा मात्र नियुक्ती गरिनेछ अन्यथा खुल्ला उम्मेद्वारको लागि शिक्षा नियमावली २०५९ (संशोधन सहितको प्रकृया पूरा गरी नियुक्ती गरिनेछ ।

**सम्मर्क नं.: ९८४५२३६०००, ९८६५३५६०६९,**

प्रधानाध्यापक: मञ्जु देबकोटा
**श्री बाराही आधारभूत विद्यालय**
हेटौंडा उपमहानगरपालिका-१, लालझाडी, मकवानपुर



"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
**साझाकुरा**
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

बागमती प्रदेशसभा:

# प्रधानमन्त्रीको राजीनामा माग, बजेटमा मन्त्रीकै असन्तुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बागमती प्रदेशसभाको बिहीवार बसेको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा मागेको छ ।

प्रदेशसभा बैठकमा प्रधानमन्त्रीको राजीनामा माग्नेदेखि आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत बजेटप्रति मन्त्रीकै असन्तुष्टि पोखिएको थियो । बागमती प्रदेशका प्रमुख प्रतिपक्षी दल एकपा नेमालेका संसदीय दलका नेता जगन्नाथ थपलियाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को र ाजीनामा माग गरेका हुन् । प्रमुख प्रतिपक्ष दलका नेताले राजीनमा माग गरेपछि विपक्षी सांसहरुले उठेर हुटिङ गरेका थिए । थपलियाले केहिदिन अघि सार्वजनिक अभिव्यक्तिको विषयमा प्रधानमन्त्री प्रचण्डले राजीनामा दिनुपर्ने माग गरे ।

काठमाडौंमा गत सोमबार आयोजित पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री दाहालले सरदार समुदायका व्यवसायी प्रितम सिंहको प्रशंसा गर्दै आफूलाई एकपटक प्रधानमन्त्री बनाउन सिंहले पहल गर्ने क्रममा दिल्ली समेत पुगेको बताएका थिए । सोही अभिव्यक्ति राष्ट्रिय स्वाभिमानविरुद्ध भएको एमालेले बताएको छ ।

नेता थपलियाले प्रधानमन्त्रीले गैर जिम्मेवार भएर देशको शीर निहुराउने गरी दिएको अभिव्यक्ति क्षम्य नहुने धारणा राख्दै प्रधानमन्त्रीको राजीनामा माग गरिएको बताए ।

प्रधानमन्त्रीको अभिव्यक्तिले मुलुकको स्वाभिमानमाथि प्रहार गरेको थपलियाको भनाइ छ । प्रधानमन्त्री दाहालको अभिव्यक्तिको विरोधमा एमालेले संघीय संसदको दुबै सदन प्रतिनिधिसभा र राष्ट्रियसभामा अवरोध समेत गरेको छ । अन्य प्रदेशसभामा समेत प्रधानमन्त्रीको राजीनामा माग गरिएको छ ।

**बजेटमा मन्त्रीकै असन्तुष्टि**

बागमती प्रदेश सरकार का प्रवक्ता तथा आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेशको बजेटम असन्तुष्टि राखेका छन् । उनले बजेट प्रस्तुत गरेपछि चकित परेको आशय व्यक्त गरे ।

समस्या सरकार, पार्टी र पात्रमा नभई प्रणालीमा रहेको उनले बताए । 'प्रणालीमा समस्या हुँदैन थियो भने बागमती प्रदेश सरकार को छैठौं बजेटसम्म आइपुग्दा पनि उही एउटै प्रकृतिको समस्या किन बारम्बार पुनरावृत भइरहेका छ ?,' उनले भने । बजेटले किन कहिल्यै कोही पनि सन्तुष्ट हुँदैनन् भन्दै श्रेष्ठले प्रश्न गरे । 'प्रतिपक्ष त सत्तापक्षले बजेट नदिएर असन्तुष्ट भए रे ! तर, सत्तापक्षकै माननीयहरु किन सन्तुष्ट छैनन् ? मुख्यमन्त्री र मन्त्रीहरु नै किन सन्तुष्ट छैनन् ? आज मुख्यमन्त्रीको आफ्नै गुनासो छ ।,'

'अरु मन्त्रीहरुको जस्तै मेरो पनि आफ्नै गुनासो छ । आखिर कोही पनि किन सन्तुष्ट हुन सकिरहेका छैनौ त ? यसबारे हामी सबै गम्भीर भएर जवाफ खोज्नुपर्छ ।,' श्रेष्ठले भनेका छन् । आफ्नै मन्त्रालयको बजेट काटिएको बजेट किताब हेरेपछि मात्रै थाहा पाएको भन्दै उनले विरोध गरेका हुन् । आर्थिक वर्ष २०८०/०८१ को बजेमाथिको छलफलको क्रममा प्रदेश संचित कोषबाट केही रकम खर्च गर्नेगरी व्यवस्था गर्न बनेको विधेयक-२०८० अन्तर्गत मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै मन्त्री श्रेष्ठले आफूले पठाएको योजानको शीर्षक नै काटिएको विषय आफूले बजेटको किताब प्रकाशनपछि मात्र थाहा पाएको उल्लेख गरे ।

'विभिन्न जिल्लाहरुमा निर्माण गर्दै आएको शान्तिपार्कलाई निरन्तरता दिन मन्त्रालयको तर्फबाट बजेट प्रस्ताव गरी पठाइएकोमा बजेट पुस्तिका हेरेपछि मात्र थाहा भयो मन्त्रालयले प्रस्ताव गरी पठाएको योजनाको शीर्षक नै रहेनछ, मन्त्रालयले प्रस्ताव गरी पठाएका अरु पनि महत्वपूर्ण योजनाहरु बजेट पुस्तिकामा हटाइएको रहेछ, योजनाहरुको शीर्षक नै कसरी हट्यो ? म आफैं आश्चर्यमा परेको छु ।', उनले भने ।

मन्त्री श्रेष्ठले सीसी टिभीमा एकमुष्ट ५ करोड प्रस्ताव गरिएको आफूले थाहा पाएको भन्दै उनले महत्वपूर्ण योजनामा २ करोड घटाइ तीन करोड मात्रै विनियोजन कस्ले गरेको हो ? भन्दै प्रश्न समेत गरे ।

केही मन्त्रीहरुले आफ्नो भोटबैंक सुरक्षित गर्ने सोचका साथ योजना ल्याइएको भन्दै दुःख समेत व्यक्त गरे ।

## मिडिया कप फुटसलबारे सूचना !

नेपाल खेलकुद पत्रकार मञ्च समन्वय शाखा मकवानपुरले २३ असार २०८० शनिवार हेटौंढामा मिडिया कप फुटसल प्रतियोगिता आयोजना गर्ने भएकाले सहभागिताका लागि मकवानपुरका सम्पूर्ण पत्रकारज्युहरुमा अनुरोध गरिन्छ ।

स्थानः हेटौंडा-४, कमलडाँडा, फुटसल ग्राउण्ड
समयः शनिवार बिहान ७ बजेदेखि
टिम दर्ताः शुक्रबार साँझ ५ बजेसम्म
थप जानकारीः राजन दाहाल, अध्यक्ष (९८५५०८७५८९)
नोटः प्रतियोगितामा नेपाल पत्रकार महासंघ मकवानपुरका साधारण सदस्यज्युहरुले मात्रै सहभागिता जनाउन पाउने छन् ।

## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३




## नेपाल विद्युत प्राधिकरण

केन्द्रीय भण्डार हेटौंडाको

### प्राधिकरणको स्वामित्वमा रहेको जग्गामा बनेका अस्थायी संरचना हटाउने बारेको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०।०३।२२)

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, काठमाडौं अन्तर्गत रहेको यस केन्द्रीय भण्डारबाट नेपाल अधिराज्यभरी अत्यावश्यक सेवा अन्तर्गतको विद्युत सेवाको लागि आवश्यक पर्ने विद्युतीय सामाग्रीहरुको आपुर्ति व्यवस्थापनको कार्य गर्दै आईरहेको छ । पछिल्लो समयमा विद्युतीय खपतको वृद्धिसंगै वितरण प्रणालीलाई चुस्त-दुरुस्त बनाउन आवश्यक पर्ने विद्युतीय सामाग्रीहरुको माग र आपुर्तिलाई थप व्यवस्थित बनाउन यस केन्द्रीय भण्डारको भौतिक संरचनामा आवश्यक सुधारको लागि आ.व. २०७९।८० मा बजेट व्यवस्था भएबमोजिमको सिभिल निर्माणको कार्यको लागि ठेक्का सम्झौता भई कार्यादिश समेत भएको अवस्था छ । यस भण्डारको स्वामित्वमा रहेको जिल्ला मकवानपुर हेटौंडा वडा नं. ५ को कित्ता नं. २३९३ ज.वि. ०-१६-४, कित्ता नं. २३९५ ज.बि. ०-२-९, कित्ता नं. २३९७ ज.बि. १-१-७ को उत्तर तर्फका केही सधियारहरुबाट प्राधिकरणको जग्गामा पर्ने गरी अवैधानिक अस्थायी संरचनाहरु बनाइएको र सोबाट तोकिए अनुसारको सिभिल निर्माण कार्य गर्न/गराउनमा बाधा परेकोले उक्त अस्थायी संरचनाहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र हटाई सहयोग गरिदिनुहुन अनुरोध छ । उक्त समयावधिभित्र अवैधानिक अस्थायी संरचना नहटाएमा कानून बमोजिम हटाईने व्यहोरा समेत सुचित गरिन्छ ।

**भण्डार प्रमुख**

## पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.

PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर । Palung, Makawanpur

### धितो सुरक्षणमा रहेको सम्पतिहरू लिलाम बिक्रीसम्बन्धी १५ दिने सूचना

पुनः प्रकाशित मिति : २०८०/०३/२२

यस सहकारी संस्थाबाट कर्जा लिनुहुने तपशिलको ऋणीले लिएको ऋण कर्जाको साँवा, व्याज र अन्य दस्तुर संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा संस्थालाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको कर्जा सुरक्षण स्वरुप रहेको तपशिलमा उल्लेखित चलअचल सम्पत्ति (जग्गा) लिन इच्छुक महानुभावहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं.४ मकवानपुरमा आई पुग्ने गरि गोप्य शिलबन्धि बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समय भित्र संस्था समक्ष प्राप्त बोलपत्रहरु मिति २०८०।०४।०४ गते, दिनको ठिक ४:०० बजे संस्थाको प्रधान कार्यालय थाहा नगरपालिका वार्ड नं. ४ मकवानपुरमा खोलिनेछ । उक्त दिन समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत संस्थाको नाममा जग्गा रोक्का गरिदिनु हुने धितो धनी तथा ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं । बोलपत्र फारम संस्थाको प्रधान कार्यालयबाट रु ५०० (फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिनेछ । बोलपत्रका साथ लिलाम सकार्न कवुल गरेको कुल अंकको १० प्रतिशत धरौटीबापत जम्मा गर्नु पर्ने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस संस्थाको प्रधान कार्यालय थानाबजार मकवानपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम : सिता दमाई**<br>पतिको नाम : सादुराम दमै<br>ससुराको नाम : गोबद्धेन दमै<br>ना.प्र.प.नं. ३३०<br>जारी मिति: २०४४।११।०६<br>ठेगाना: दामन ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : सादुराम दमै<br>बाबुको नाम : गोबर्द्धन दमै<br>बाजेकोको नाम : थोते दमै<br>ना.प्र.प.नं. दामन ८३<br>जारी मिति: २०४३/०९/१५<br>ठेगाना::दामन ३, मकवानपुर | <br> | सादुराम दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ९ स्थित कि.नं. ७७९/७८३ को क्षेत्रफल ०-३-२-१/०-०-२-२ को जग्गा । |
| २. | **नाम : रमेश कुमार दमै**<br>बाजेको नाम : पान्ते परियार<br>बाबुको नाम : साने दमाई<br>ना.प्र.प.नं. ८६०<br>जारी मिति: २०५१।०९।१८<br>ठेगाना: दामन ३, मकवानपुर |  | रमेश कुमार दमैको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७१४ को क्षेत्रफल ०-८-०-० को जग्गा । |
| ३. | **नाम** : बिनोद कुमार स्याङतान<br>बाबुको नाम : सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४७४<br>जारी मिति: २०४२/०१/१४<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुश्री पुर्णमाया रुम्बा<br>बाबुको नाम: कृष्ण बहादुर रुम्बा<br>पतिको नाम : सानुकान्छा स्याङतान<br>ना.प्र.प.नं. ३१३०३४/४०४<br>जारी मिति: २०६३/११/०८<br>ठेगाना:बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सानुकान्छा स्याङतान<br>बाबुको नाम: कृष्ण बहादुर स्याङतान<br>बाजेको नाम : पर्शुरामबहादुर स्याङतान<br>ना.प्र.प.नं. १४३५<br>जारी मिति: २०४३/०८/२६<br>ठेगाना: बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुन्दर स्याङतान<br>बाबुको नाम :सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सुनिल स्याङतान<br>बाबुको नाम :सानुकान्छा स्याङतान<br>बाजेको नाम : कृष्ण बहादुर स्याङतान<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना::बज्रबाराही ४, मकवानपुर | <br><br><br> | पुर्णमाया रुम्बाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा ।<br><br>सानुकान्छा स्याङतानको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा |
| ४. | **नाम** : अरुण कार्की<br>बाबुको नाम : सितारमा कार्की<br>बाजेको नाम : सँजिता कार्की<br>ना.प्र.प.नं. ४०/३२९<br>जारी मिति: २०५२/१०/२१<br>ठेगाना: दामन २, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** सँगीता कार्की<br>बाबुको नाम: ईन्द्र बहादुर अधिकारी<br>पतिको नाम : अरुण कार्की<br>ना.प्र.प.नं. ३१३०३७/४०२<br>जारी मिति: २०६३/१०/१२<br>ठेगाना: दामन २, मकवानपुर | <br> | अरुण कार्कीको नाउँमा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वार्ड नं ४ स्थित कि.नं. ४३१५ को क्षेत्रफल ०-०-११.७५-० को जग्गा । |
| ५. | **नाम** : बिबिता कार्की<br>बाबुको नाम : प्रेम बहादुर थापा<br>पतिको नाम : बिनोद कार्की<br>ना.प्र.प.नं. ३१३०३५/५५३<br>जारी मिति: २०६३/१०/२२<br>ठेगाना: पालुङ ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** बिनोद कार्की<br>बाजेको नाम: शेर बहादुर<br>बाबुको नाम: अर्जुन बहादुर कार्की<br>ना.प्र.प.नं. ४०/५७२<br>जारी मिति: २०५५/०१/११<br>ठेगाना: पालुङ ४, मकवानपुर | <br> | बिनोद कार्कीको नाउँमामा लपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ३/४ स्थित कि.नं. ७०५/८३७/८३९/८४० को क्षेत्रफल १-४-१-१/०-१०-०-१/०-१४-२-३/०-१०-०-१ को जग्गा । |
| ६. | **नाम** : किरण विक्रम बिष्ट<br>बाबुको नाम : भोलाबहादुर बिष्ट<br>बाजेको नाम : लालबहादुर बिष्ट<br>ना.प्र.प.नं. ३८९<br>जारी मिति: २०४१/११/१८<br>ठेगाना: दामन १, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** उर्मीला मुडवरी<br>पतिको नाम: किरण विक्रम बिष्ट<br>बाबुको नाम: रामप्रसाद मुडवरी<br>ना.प्र.प.नं. ३१३०२१/२५९<br>जारी मिति: २०६३/११/१९<br>ठेगाना: पदमपोखरी-५, मकवानपुर | <br> | किरण विक्रम बिष्टको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३२ को क्षेत्रफल २-१२-२-३ को जग्गा । |
| ७. | **नाम** : धुब कार्की<br>बाबुको नाम: गणेश बहादुर कार्की<br>बाजेको नाम : हेम बहादुर कार्की<br>ना.प्र.प.नं. ६४ ना.म.<br>जारी मिति: २०४४/११/०१<br>ठेगाना: दामन ५, मकवानपुर |  | धुव कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ३/५ स्थित कि.नं. १४७८/५४४ को क्षेत्रफल ०-६-०-०/१-१-१-० को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रही यस संस्थाको नाममाध्रुवकार्की ऋणी रहने गरी नामसारी भएको ना.२.ख. ९६७७/ना.२.ख. ७१०९ को भाडा टूक<br>Na 2 Kha 9677<br>Engine Number: 40G62342442<br>Chasis Number: 388050GVZ123032<br>Na 2 Kha 7109:<br>Engine Number 20J62240207<br>Chasis Number: 3880050JXZ118841 |
| ८. | **नाम** : रुपचन्द्र गोपाली<br>बाबुको नाम : बुद्धिलाल गोपाली<br>बाजेको नाम : मानबहादुर गोपाली<br>ना.प्र.प.नं.४४/९४३<br>जारी मिति: २०५८/०३/२०<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नामः** बुद्धिलाल गोपाली<br>बाबुको नाम:मानबहादुर गोपाली<br>बाजेको नाम: रत्नमान गोपाली<br>ना.प्र.प.नं. ३१२०<br>जारी मिति:२०३९/१२/१६<br>ठेगाना: थहचोक ७, मकवानपुर | <br> | बुद्धिलाल गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ३ स्थित कि.नं. १६३३/१३९६/१४१९/८३० को क्षेत्रफल २-१०-०-०/०-९-०-०/२-३-३-०/२-९-३-० को जग्गा । |
| ९. | **नाम** : रत्नबहादुर पोडे<br>बाबुको नाम : सुकुमान पाडे<br>बाजेकोको नाम : शंखबिर पोडे<br>ना.प्र.प.नं. ६<br>जारी मिति: २०४३।०५।३०<br>ठेगाना: टिष्टुङ २, मकवानपुर<br>**व्यक्तिगत जमानत दिने**<br>**नाम** : सुकुमान पोडे<br>बाबुको नाम : शंखबिर पोडे<br>बाजेको नाम : तेजबिर<br>ना.प्र.प.नं. ५६<br>जारी मिति: २०४०।०१।११<br>ठेगाना: टिष्टुङ २, मकवानपुर | <br> | सुकुमान पोडेको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १००० को क्षेत्रफल २-८-२-० को जग्गा । |


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना